नेपाल सरकार
भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द

धुलिखेल, काभ्रेपलाञ्चोकको

## टोटल स्टेशन खरिद सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति: २०७४।४।३२

चालु आ.व. २०७४।७५ मा यस केन्द्रको लागि आवश्यक टोटल स्टेशन ५ सेट राष्ट्रियस्तरको सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले इच्छुक योग्य बोलपत्रदाताले तपसिल बमोजिमको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि केन्द्रको समय भित्र यस केन्द्रमा आई वा फोन नं. ०११६६१४५५ मा सम्पर्क गर्न सकिनेछ।

१. सिलबन्दी बोलपत्र फाराम खरिद गर्न इच्छुक योग्य फर्म, संस्था वा कम्पनीले आफ्नो निवेदनसाथ यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले ३० औं दिनको कार्यालय समयभित्र केन्द्रको भण्डार फांट (स्टोर) धुलिखेल ४ बखुण्डोल काभ्रेपलाञ्चोकमा देहाय बमोजिमका कागजात पेश गरी बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

- फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र,
- नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजतपत्र वा व्यवसाय दर्ता प्रमाणपत्र,
- स्थानीय लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,
- २०७३ साल असार मसान्त सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- केन्द्रको भण्डार शाखामा फिर्ता नहुने गरी तिरेको रु. ३०००।- (तिनहजार रुपैया मात्र) रकम तिरेको सक्कल रसिद।

२. बोलपत्रदाताको बोलपत्र पेश गर्दा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भए सो समेत गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता भएको प्रमाण पत्र र मेसिनरी सामानहरु आपुर्ति सम्बन्धी विगत तीन वर्षको अनुभवपत्र पेश गर्नुपर्नेछ। यस बाहेकका अरु कागजात एवं प्रमाणहरु बोलपत्र फाराममा उल्लेख भएअनुसार पेश गर्नुपर्नेछ।

३. बोलपत्रदाताले धुलिखेल स्थित रहेको रा.बा.बैंकमा धुलिखेल शाखामा धरौटी खाता नं. १०४०२३० कोष तथा लेखा नियन्त्रक कार्यालय धुलिखेलको एकल खातामा बिडबण्ड बापत रु. ६१,९७५।०० (अक्षरुपी एकसठ्ठी हजार नौसय पचहत्तर मात्र) जम्मा गरेको सक्कल भौचर वा कुनै बाणिज्य बैंकले जारी गरेको यस केन्द्रको नाममा सो रकम बराबरको बैंक जमानत पेश गर्नुपर्नेछ। बैंक जमानतको मान्य अवधि यो बोलपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिनको हुनुपर्नेछ।

४. बोलपत्रदाताबाट पेश गरिएको बोलपत्र फाराम एवं फारामसाथ पेश गरिएका सबै कागजातमा बोलपत्रदाताको तर्फबाट आधिकारिक व्यक्तिको दस्तखत र सम्बन्धित फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

५. कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन।

६. बोलपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामबाहिर टोटल स्टेशन सामानहरु खरिद सम्बन्धी सिलबन्दी बोलपत्र, भूमि व्यवसथापन प्रशिक्षण केन्द्र धुलिखेल, भनी स्पष्ट उल्लख गरी यो सूचना प्रकाकशित भएको मितिले ३१ औं दिनको १२:०० बजे सम्म यस केन्द्रमा दर्ता गर्न सकिनेछ। यसरी प्राप्त भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस केन्द्रमा खोलिनेछ।

७. बोलपत्र खोल्ने समय बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन।

८. यो सूचना यस केन्द्रको Website www.lmtc.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

९. बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र सम्बन्धी कागजात वा करार सम्झौतामा समेत उल्लेख भए बमोजिम लागू हुनेछ।

१०. यो सूचना एवं शर्तमा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन तथा सोही नियमावली एवं प्रचलित कानून अनुसार हुनेछ।

नेपाल सरकार

भूमिसुधार तथा व्यवस्था मन्त्रालय

# भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

धुलिखेल, काभ्रेपलाञ्चोकको

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति: २०७४।०५।०१

चालु आ.व. २०७४।७५ मा यस केन्द्रको लागि आवश्यक यन्त्र उपकरणहरु राष्ट्रियस्तरको सिलवन्दी दरभाउपत्रको माध्यमवाट खरिद गर्नुपर्ने भएकोले ईच्छुक योग्य दरभाउपत्रदाताले तपसिल बमोजिमको शर्तको अधिनमा रही छुट्टा छुट्टै सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी थप जानकारीका लागि समय भित्र यस केन्द्रमा आई वा फोन नं. ०११६६१४५५ मा सम्पर्क गर्न सकिनेछ।

| प्याकेज नं. | शिर्षक | विवरण | थान | धरौटी रकम |
|---|---|---|---|---|
| १ | कम्प्युटर सम्बन्धी | ब्राण्डेड डेस्टप कम्प्युटर | १५ | ३९६४०।- |
| | | A0/A1 प्लटर, स्क्यानर र अतिरिक्त कार्टिज समेत | १ | |
| २ | सर्भे उपकरण सम्बन्धी | Hand GPS with post processing Facility | १० | ३२७६०।- |
| | | Wooden Leveling folding Staff | १०० | |

१. सिलवन्दी बोलपत्र फाराम खरिद गर्न इच्छुक योग्य फर्म, संस्था वा कम्पनीले आफ्नो निवेदनसाथ यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समयभित्र केन्द्रको भण्डार फांट (स्टोर) धुलिखेल ४ बखुण्डोल काभ्रेपलाञ्चोकमा देहाय बमोजिमका कागजात पेश गरी बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।

- फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र,
- नवीकरण गर्नुपर्ने भएमा सो समेत गरेको ईजाजतपत्र वा व्यवसाय दर्ता प्रमाणपत्र,
- स्थानीय लेखा नम्बर र मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र,
- २०७३ साल असार मसान्त सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
- केन्द्रको भण्डार शाखामा फिर्ता नहुने गरी तिरेको रु. १०००।- (एक हजार रुपैया मात्र) रकम तिरेको सक्कल रसिद।

२. दरभाउपत्र दाताको दरभाउपत्र पेश गर्दा आफ्नो फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, नविकरण गर्नुपर्ने भए सो समेत गरेको व्यवसाय दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र, कर चुक्ता भएको प्रमाण पत्र र मेसिनरी सामानहरु आपुर्ति सम्बन्धी विगत तीन वर्षको अनुभवपत्र पेश गर्नुपर्नेछ। यस बाहेकका अरु कागजात एवं प्रमाणहरु बोलपत्र फाराममा उल्लेख भएअनुसार पेश गर्नुपर्नेछ।

३. दरभाउपत्रदाताले धुलिखेल स्थित रहेको रा.वा.बैंकमा धुलिखेल शाखामा धरौटी खाता नं. १०४०२३० कोष तथा लेखा नियन्त्रक कार्यालय धुलिखेलको एकल खातामा माथि उल्लेखित प्याकेज अनुरुपको धरौटी रकम जम्मा गरेको सक्कल भौचर वा कुनै बाणिज्य बैंकले जारी गरेको यस केन्द्रको नाममा सो रकम बराबरको बैंक जमानत पेश गर्नुपर्नेछ। बैंक जमानतको मान्य अवधि यो बोलपत्र फाराम बुझाउने अन्तिम मितिले कम्तीमा १२० दिनको हुनुपर्नेछ।

४. दरभाउपत्रदाताबाट पेश गरिएको बोलपत्र फाराम एवं फारामसाथ पेश गरिएका सबै कागजातमा बोलपत्रदाताको तर्फबाट आधिकारिक व्यक्तिको दस्तखत र सम्बन्धित फर्म, संस्था वा कम्पनीको छाप लगाएको हुनुपर्नेछ।

५. कुनै फर्म, संस्था वा कम्पनीको नाममा खरिद भएको बोलपत्र फाराम अर्को फर्म, संस्था वा कम्पनीको नाममा पेश गर्न पाइने छैन।

६. दरभाउपत्र फाराम बुझाउंदा सिलवन्दी गरी खामबाहिर सम्वन्धीत प्याकेज नंवर र नाम उल्लेख गरी सिलवन्दी दरभाउपत्र, भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र धुलिखेल, भनी स्पष्ट उल्लेख गरी यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजे सम्म यस केन्द्रमा दर्ता गर्न सकिनेछ। यसरी प्राप्त भएका सिलवन्दी बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधिहरुको रोहबरमा यस केन्द्रमा खोलिनेछ।

७. दरभाउपत्र खोल्ने समय बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि खोल्न बाधा पर्ने छैन।

८. यो सूचना यस केन्द्रको Website www.lmtc.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ।

९. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र सम्बन्धी कागजात वा करार सम्झौतामा समेत उल्लेख भए बमोजिम लागू हुनेछ।

१०. यो सूचना एवं शर्तमा नपरेका कुराहरु सार्वजनिक खरिद ऐन तथा सोही नियमावली एवं प्रचलित कानून अनुसार हुनेछ।

नेपाल सरकार
भूमि सुधार तथा व्यवस्था मन्त्रालय
भूमि व्यवस्थापन प्रशिक्षण केन्द्र

टेलिफोन नं.०११-६६१
फ्याक्स नं. ०११-६६२०

प.सं. :- २०७४।७५ | च.नं. :-

मिति : २०७४।०५।०१

**विषय :– संशोधन गरिएको सूचना ।**

यस केन्द्रको वोलपत्रवाट टोटल स्टेशन खरिद गर्ने सम्वन्धि मिति २०७४।०४।३२ को र दरभाउपत्रवाट कम्प्यूटर सम्वन्धि र सर्भे यन्त्र उपकरण खरिद गर्ने सम्वन्धी मिति २०७४।०५।०१ को गोरखापत्र दैनिकमा सूचना प्रकाशित भएकोमा विडवण्ड दाखिला गर्नुपर्ने धरौटी खाता नं. १०४०२०३ कोष तथा लेखा नियन्त्रक कार्यालय, काभ्रेपलाञ्चोकको राष्ट्रिय वाणिज्य वैंक धुलिखल शाखामा दाखिला गरेको सक्कल भौचर हुनु पर्नेमा अन्यथा भएकोले संशोधन गरिएको व्यहोरा अनुरोध छ ।

(डा.प्रदीप सापकोटा उपाध्याय)
संयोजक खरिद इकाई